कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, पाँचथर

फिदिम, पाँचथर

प.सं.- २०८२/८३

सूचना नं.-४

अनुसूची-९

(परिच्छेद ४ को ४.२.९.१ (क) सँग सम्बन्धित)

## सुन्तला ब्लक विकास कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धी सूचना!!!

(प्रथम पटक प्रकाशित मिति:-२०८२/०८/२६)

कृषि ज्ञान केन्द्र पाँचथरको चालु आ.व. २०८२/०८३ मा संघीय सशर्त कार्यक्रम (राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम) तर्फ स्वीकृत बार्षिक कार्यक्रम अनुसार ब्लक विकास कार्यक्रम अन्तर्गत सुन्तला ब्लक विकास कार्यक्रम तपशिलका क्षेत्रमा सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक कृषि सहकारी, कृषि समुह, जल/वन उपभोक्ता समिति, कृषि फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र (मिति २०८२/०९/११ गते) कार्यालय समय भित्र कृषि ज्ञान केन्द्र, पाँचथरमा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप रित नपुगी वा म्याद नाघि आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन।

**कार्यक्रमको बिवरण**

| सि.नं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | प्रस्ताव पेश गर्न सक्ने साझेदार | कार्यक्रम लक्ष्य | ब्लक सञ्चालन कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, सुन्तला ब्लक विकास कार्यक्रम | परियोजना कार्यान्वय म्यानुअल, २०७७ बमोजिम हुनेछ। | कृषि सहकारी, कृषि समुह, जल/वन उपभोक्ता समिति, कृषि फर्म वा कम्पनीहरु | १ | फालेलुङ गाँउपालिका वडा नं. ७ को<br>पूर्वमा-नाम्फुङ डाँडा<br>उत्तरमा- हेवा खोला<br>दक्षिणमा- फासेबुङ<br>फालेलुङ गाँउपालिका वडा नं. ८ को<br>पश्चिममा- बाँसबोटे<br>उत्तरमा- हेवा खोला (थिपुक)<br>दक्षिणमा – थिङमेरु लिगिङ्वा बीचको क्षेत्र |

**आवेदनका साथ पेश गर्नु पर्ने कागजातहरः-**

१. कृषि समुह/ कृषि फर्म/ कृषि सहकारी /समिति/ कम्पनी दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।

२. अनुसूची-१० अनुसारको आवेदन पत्रमा रु.१० को हुलाक टिकट टाँस पेश गर्ने ।

३. सम्बन्धित संस्थाको स्थाइ लेखा नं. (पान नं.)/ VAT तथा आ.व.२०८१/८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

४. कृषक समुह/ कृषि सहकारी, फर्म, समिति आदी ले प्रति आवेदन रु.२००।– को भौचर नेपाल बैंक लि. को खाता नं. २७००२०००००१००१००००००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१०२०११ मा आवेदन दस्तुर बापत जम्मा गरि सोको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. संस्थाको कार्य समिति बैठक निर्णय र अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिबेदनको प्रतिलिपि ।

६. संचालकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

७. स्थानिय तह कृषि शाखा र वडाको सिफारिस पत्र ।

८. कार्य योजना लागत बिवरण निर्णय सहित पेश गर्ने ।

महेश कुमार चौधरी
निमित्त प्रमुख

नोटः- थप जानकारीको लागि कृषि ज्ञान केन्द्र पाँचथरको सम्पर्क नं. ०२४५२२१३०/ ९८५२६८२४६८/ ९८४१६१६६०० वा कार्यलयको वेभसाइट panchthar.akc.gov.np बाट आवश्यक सूचना, फारमहरु डाउनलोड गर्नुहुन। तथा परियोजना कार्यान्वयन म्यानुअल, २०७७ डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।